आज मिति २०८१ कार्तिक २७ गते दिउँसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ६९ औं बैठक भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितीमा बसि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उप-प्रमुख
श्री दिनेश पुलामी वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लाल सिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का.वा.वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारीहरु :**

श्री कृष्ण प्रसाद शर्मा, अधिकृत छैटौं
श्री सरीता हमाल, सूचना प्रविधि अधिकृत
श्री कुल बहादुर खड्का
श्री प्रकाश पौडेल, रोजगार संयोजक
श्री हरिलाल गिरी, कृषि स्नातक
श्री गणेश कार्की, सव ईन्जिनियर
श्री वीर बहादुर चुनारा, सहयोगी

CamScanner

| क.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १ | भेरीगंगा नगरपालिकाको कृषि वन रणनीती पारित गर्ने सम्बन्धमा । |
| २ | फियान नेपाल संगको कार्यक्रम सम्वन्धमा । |
| ३ | विविध सम्बन्धमा । |

## मिति २०८१।०७।२७ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :

**प्रस्ताव नं. १ : भेरीगंगा नगरपालिकाको कृषि-वन रणनीति पारित गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १** : RECOFTC, Nepal र CRS, Nepal को आर्थीक तथा प्राविधिक सहयोगमा तयार पारिएको भेरीगंगा नगरपालिकाको आ.व. २०८१/०८२ देखि २०९०/०९१ सम्मको कृषि–वन रणनीति २०८१ को मस्यौदा उपर बिभिन्न चरणमा छलफल भयो साथै प्राप्त सुझावहरुलाई समेत समावेश गरी आगामी बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. २ : फियान नेपालसंगको कार्यक्रम सम्वन्धमा ।**

**निर्णय नं. २** : यस भेरीगंगा नगरपालिकामा फियान नेपाल संस्थाद्वारा सन्चालन गरिने **"समुदाय लक्षित पर्यावरणीय कृषि अभ्यासको माध्यमद्वारा खाद्य अधिकार र खाद्य सम्प्रभुता प्रवर्धन परियोजना"** सन्चालन गर्नका लागि भेरीगंगा नगरपालिका र फियान नेपालवीच तीन वर्षे सम्झौता गर्ने र सोका लागि नगरपालिकाको तर्फवाट यस आव २०८१।०८२ मा रु १५,००,०००। (अक्षररुपी पन्ध्र लाख), आव २०८२।०८३ मा रु १८,००,०००। (अक्षररुपी अठार लाख) र आव २०८३।०८४ मा रु ११,८३,०००। (अक्षररुपी एघार लाख त्रियासी हजार) गरी जम्मा रु. ४४,८३,०००। (अक्षररुपी चवालिस लाख त्रियासी हजार) रुपैयाँ यस नगरपालिकाको समपुरक कोषबाट सहलगानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ३ : विविध सम्बन्धमा ।**

**निर्णय नं. ३ (क)** : यस भेरीगंगा नगरपालिकामा सडक बोर्ड नेपालद्वारा आव २०८१।०८२ का लागि प्राप्त अनुदान रु.४२,००,०००। र सोमा ३० प्रतिशतले हुन आउने रकम रु. १८,००,०००। नगरपालिकाको समपुरक कोषवाट सहलगानी गरी जम्मा रु. ६०,००,०००। बाट तपसिल बमोजिमका वडाहरुमा तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु छनौट गरी संचालन गर्ने निर्णय गरियो । साथै आगामी वर्षको सडक बोर्डबाट आउने रकमलाई यस बर्ष योजना संचालन हुने वाहेकका अन्य बाँकी वडामा योजना छनौट गरी संचालन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल:

| क्र.सं. | योजनाको नाम | वडा नं. | सडक बोर्डको तर्फबाट | नगरपालिकाको तर्फबाट | जम्मा बजेट रु. |
|---|---|---|---|---|---|
| १ | मोहटी काल्पानी खोला झर्ने सडक मर्मत | २ | ७ लाख | ३ लाख | १० लाख |
| २ | सत्तरी मोहटी सडक मर्मत | २ | ७ लाख | ३ लाख | १० लाख |
| ३ | सिसेनी खोला सडक कल्भर्ट | ३ | ७ लाख | ३ लाख | १० लाख |
| ४ | छिन्चु खोला पक्की पुलदेखि हात्तिसुडे जाने सडक मर्मत | ४ | ७ लाख | ३ लाख | १० लाख |
| ५ | बबईहात्तिखाल गेरुवानी सडक मर्मत | ५ | ७ लाख | ३ लाख | १० लाख |
| ६ | शान्तिपुर विद्यालयदेखि मावि झिङ्नी विद्यालयसम्म सडक मर्मत | ६ | ७ लाख | ३ लाख | १० लाख |
| जम्मा रु. | | | ४२ लाख | १८ लाख | ६० लाख |

**निर्णय नं. ३ (ख) :** यस भेरीगंगा नगरपालिकाद्वारा कृषि अधिकृत सातौं तहको १ जना कर्मचारी स्थायी पदपूर्तिका लागि कर्णाली प्रदेश लोक सेवा आयोग सुर्खेतमा माग भएबमोजिम कर्णाली प्रदेश लोक सेवा आयोगद्वारा संचालित खुल्ला प्रतिष्पर्धामा सफल भई आयोगको च.नं. १५९ मिति २०८१।०७।२३ गतेको सिफारिस पत्र अनुसार सिफारिस हुनुभएका वीरेन्द्रनगर, सुर्खेतका सुरज विसीले यस कार्यालयमा मिति २०८१।०७।२३ गतेका दिन स्थायी नियुक्ती पाउँ भन्ने बारेमा पेश गरेको पत्रको सम्बन्धमा कर्णाली प्रदेश सरकारद्वारा स्थानीय सेवाको गठन, सन्चालन र सेवाका शर्त सम्वन्धमा बनेको ऐन, २०८१ को दफा १५ बमोजिम निजलाई मिति २०८१।०७।२७ गतेदेखि लागू हुने गरी स्थायी नियुक्ती गरी कृषि अधिकृत सातौं तहमा पदस्थापना गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३ (ग) :** यस भेरीगंगा नगरपालिकाबाट सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नगरपालिकाको फोहोरमैला प्रशोधन तथा सेवा शुल्क संकलन सम्वन्धी कार्यका लागि टेन्डर गरिएको BGM/WMR/NCB/2080/081-20 को सम्वन्धमा मिति २०८१।०२।३१ गते यस कार्यालयवाट दोश्रो पटक विद्युतीय बोलपत्रद्वारा सूचना आह्वान गरी मिति २०८१।०३।३० गते भित्र दर्ता बोलपत्रहरु मुल्यांकन समितिले मुल्यांकन गरी श्री फेरी ईन्भाइरोन्मेन्टल सर्भिसेस प्रा.लि.

बुटवल १२ रुपन्देहीको ठेक्का स्वीकृत भएकोमा यस कार्यालयवाट मिति २०८१।०५।१८ गते बोलपत्र स्वीकृत तथा सम्झौता गर्न आउने बारेको सूचना तथा मिति २०८१।०७।०४ गतेको पुन ताकेता पत्र प्रेषण गरेकोमा उक्त प्रा.लि. को तर्फवाट मिति २०८१।०७।२६ गते यस नगरपालिकाको कार्यालयमा उक्त ठेक्का अगाडी बढाउन नसक्ने सम्वन्धको पत्र प्राप्त भएकोले नियमानुसार धरौटी रकम जफत गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ १(ख) बमोजिम उक्त कम्पनीलाई नियमानुसार एक बर्षको लागि कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने साथै नगरपालिकाको राजश्व परामर्श समितिको बैठक बसी सोहि बैठकको निर्णयबमोजिम हुनेगरी पुन ठेक्का आब्हान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३ (घ) :** यस भेरीगंगा नगरपालिकाको भवन निर्माण अनुमती सम्बन्धि कार्यविधि २०८१ मा दफावार छलफल भयो र सो कार्यबिधि स्वीकृती गर्ने निर्णय गरियो साथै नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**निर्णय नं. ३ (ङ) :** रोजगार सेवा केन्द्र अन्तर्गत रोजगारीको हक सम्वन्धी नियमावली २०७५ को दफा १४ बमोजिम गठित स्थानीय निर्देशक समितिको मिति २०८१/०७/११ को बैठकले गरेका प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका बेरोजगारहरुको सूची अनुमोदन गर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमको कामदार/बजेट छनोट गर्ने, कार्यक्रममा सहभागी श्रमिकहरुको ज्याला दररेट निर्धारण गर्ने, आइडिए अन्तर्गतको सीपको कार्यक्रम छनोट गर्ने, मुख्यमन्त्री रोजगार कार्यक्रमको न्युनतम् काम गर्ने दिन निर्धारण गर्ने लगायतका निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

CS CamScanner